# एसियाली विकास बैंक सदस्य तथ्याङ्क पुस्तिका



**एसियाली विकास बैंक (एडिबी) ले पुर्वाधारमा लगानी, आधारभूत सेवाहरूमा पहुँच र विपन्न तथा जोखिममा रहेका मानिसहरूलाई विपद् एवं जलवायुजन्य जोखिमबाट संरक्षण गर्दै नेपालको हरित, उत्थानशील र समावेशी विकास रणनीतिलाई सहयोग गर्दछ ।**

## नेपाल

एसियाली विकास बैंक (एडिबी) ले नेपालमा समावेशी विकास, गरिबी निवारण, लैंगिक तथा सामाजिक विभेद न्युनीकरण, पूर्वाधार निर्माण, मानव पूँजी विकास, कृषिको रूपान्तरण तथा विपद् एवं जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि सशक्त ढंगले सहयोग पुऱ्याएको छ ।

आर्थिक वर्ष २०२२ मा नेपालको अर्थतन्त्र सामान्य सुधार भएर कुल गार्हस्थ उत्पादन ५.८% ले वृद्धि हुनुमा मुख्यत: कोरोना भाइरस रोग (कोभिड-१९) प्रतिरोधी खोपको पहलद्वारा आर्थिक क्रियाकलापहरूलाई क्रमशः सामान्यीकरण गरिनुले मद्दत पुऱ्याएको थियो । उच्च आर्थिक वृद्धितर्फको स्थायित्वलाई उदार समष्टिगत आर्थिक नीति, जलविद्युत उत्पादनमा वृद्धि, औद्योगिक उत्पादनमा सुधार, निर्माण क्षेत्रको विस्तार र पर्यटनको क्रमिक उत्थानले सहयोग गरेको छ ।

अहिलेसम्म एडिबीले नेपालका लागि ४९४ सरकारी ऋण, अनुदान तथा प्राविधिक सहायता गरी कुल ७.७ बिलियन डलरको प्रतिवद्धता जनाएको छ । सञ्चित ऋण र अनुदान गरी नेपाललाई कुल ४.९१ बिलियन डलर निकासा गरिएको छ । यी साधारण पुँजीगत स्रोतहरू, एसियाली विकास कोष र अन्य विशेष कोषबाट जुटाइएका हुन् । एडिबीको पूर्णस्वामित्वका ३२ ऋण र ७ अनुदानमा आधारित गरि ३.२१ बिलियन डलरको चालु पोर्टफोलियो रहेको छ ।[1]

सन् २०२२ मा एडिबीले नेपाल सरकारलाई विद्यालय शिक्षाको समता, गुणस्तर र उत्थानशीलता सुदृढीकरणमा सहयोग गर्न २०० मिलियन डलरको सहुलियतपूर्ण ऋण प्रतिवद्धता गरेको थियो । यो कार्यक्रमले एडिबीसहित आठ दातृ निकायको सहयोगमा क्षेत्रव्यापी पहल अन्तर्गत सञ्चालन हुने विद्यालय शिक्षा क्षेत्रगत योजना, सन् २०२१-२०३० कार्यान्वयनका लागि पहिलो पाँच वर्ष सहयोग पुऱ्याउनेछ । एडिबीले प्राविधिक सहायता विशेष कोषबाट अतिरिक्त १ मिलियन डलर प्राविधिक सहायताको लागि उपलब्ध गराउनेछ र नर्वे सरकारको ६००,००० डलर बराबरको क्षमता विकास क्रियाकलाप तथा शिक्षा, विज्ञान र प्रविधि मन्त्रालयको अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता सुधार सहायता कोष व्यवस्थापन गर्नेछ ।

१ पूर्ण स्वामित्वको कर्जाले ऋण, अनुदान, स्वपूँजी लगानी, प्रतिबद्धता जनाइएको र वित्तीय रूपले समापन भैनसकेको पूर्ण स्वामित्वको प्रत्याभूतिलाई समावेश गर्दछ । ऋण/अनुदानमा विभिन्न देशमा सञ्चालित क्षेत्रीय परियोजना छुट्टै सूचित गरिएको छ ।

### नेपाल: सन् २०२२ को प्रतिवद्धता (मिलियन अमेरिकी डलर)[क]

| सहायताको प्रकार | पूर्ण स्वामित्वको | गैरपूर्ण स्वामित्वको | कुल |
|---|---|---|---|
| ऋण | २६०.०० | - | २६०.०० |
| अनुदान | ३१.०० | - | ३१.०० |
| प्राविधिक सहायता [ख] | ९.७१ | ०.८८ | १०.५९ |
| व्यापार तथा आपूर्ति प्रणाली वित्तीय लगानी कार्यक्रम [ग] | - | १८.२३ | १८.२३ |
| **कुल** | **३००.७१** | **१९.११** | **३१९.८२** |

- = शून्य

नोटः स्वीकृत लगानीमा एडिबी सञ्चालक समिति वा व्यवस्थापनबाट स्वीकृत लगानी पर्दछ, जसको सम्झौतामा ऋणी, प्राप्तकर्ता र लगानी गरिएको कम्पनी र एडिबीको हस्ताक्षर समावेश हुन्छ ।

अनुदान र प्राविधिक सहायतामा एडिबीद्वारा सञ्चालित सहवित्तीय लगानी पर्दछ ।

क) राउन्डिङ गरिएकाले कुल योगफलमा सामान्य फरक पर्न सक्छ ।

ख) क्षेत्रव्यापी प्राविधिक सहायताका परियोजनाको लगानीलाई सम्बन्धित विकासशील सदस्य राष्ट्रमा वितरण गरिएको छ, जसको खण्डीकृत तथ्यांक उपलब्ध छ ।

ग) निजी क्षेत्र कार्यक्रममा एडिबीको लगानीका प्रतिवद्धताहरू, जुन अल्पकालमा १८.०९ मिलियन डलर छ (यसको परिपक्वता अवधि ३६५ दिनभन्दा कम छ ।

### नेपाल: सञ्चित प्रतिवद्धता [क, ख, ग, घ]

| क्षेत्र | संख्या | कुल रकम (मिलियन डलरमा)[ङ] | कुल रकमको प्रतिशत |
|---|---|---|---|
| **परियोजना र प्राविधिक सहायता** | ६०० | ८,१७२.४० | ९९.१० |
| कृषि, प्राकृतिक स्रोत तथा ग्रामीण विकास | १८९ | १,४३९.४३ | १७.४६ |
| शिक्षा | ५७ | १,११६.६३ | १३.५४ |
| ऊर्जा | ७५ | १,७०२.७२ | २०.६५ |
| वित्त | ३७ | ३०५.५२ | ३.७० |
| स्वास्थ्य | १४ | ४३४.५३ | ५.२७ |
| उद्योग र व्यापार | ३० | १८७.८१ | २.२८ |
| सञ्चार तथा सूचना प्रविधि | २ | ३४.७३ | ०.४२ |
| बहुक्षेत्रीय | ६ | १२.८५ | ०.१६ |
| सार्वजनिक क्षेत्र व्यवस्थापन | ६१ | २६१.८० | ३.१७ |
| ढुवानी | ७२ | १,५५८.४८ | १८.९० |
| खानेपानी तथा अन्य सहरी पूर्वाधार र सेवा | ५७ | १,११७.८९ | १३.५६ |
| **व्यापार तथा आपूर्ति प्रणाली लगानी कार्यक्रम** [च] | ३७० | ७३.८५ | ०.९० |
| वित्त | २४७ | ५१.७२ | ०.६३ |
| उद्योग र व्यापार | १२३ | २२.१३ | ०.२७ |
| **कुल** | **९७०** | **८,२४६.२५** | **१००.००** |

क) अनुदान र प्राविधिक सहायतामा एडिबीद्वारा व्यवस्थापन गरिएको सहवित्त समावेश

ख) ऋण, अनुदान, प्राविधिक सहायता तथा निजी क्षेत्र कार्यक्रम समावेश

ग) प्रतिवद्धताको रिपोर्टीङमा प्राथमिक क्षेत्र प्रयोग भएको

घ) सन् २०२० देखि क्षेत्रव्यापी प्राविधिक सहायताका परियोजनाको लगानीलाई सम्बन्धित विकासशील सदस्य राष्ट्रमा वितरण गरिएको छ, जसको खण्डीकृत तथ्यांक उपलब्ध छ ।

ङ) राउन्डिङ गरिएकाले कुल योगफलमा सामान्य फरक पर्न सक्छ ।

च) निजी क्षेत्र कार्यक्रममा एडिबीको लगानीका प्रतिवद्धताहरू, जुन अल्पकालमा ७३.७२ मिलियन डलर छ (यसको परिपक्वता अवधि ३६५ दिनभन्दा कम छ)

ADB

एडिबीले सरकारलाई पाँच प्रदेशका पहाडी क्षेत्रमा बागवानी किसानहरूको जनजीविका तथा जलवायु उत्थानशीलता सुधारका लागि ७० मिलियन डलर वित्तीय लगानी सहायता प्रदान गरेको छ। सन् २०२२ मा प्रतिवद्धता जनाइएको, पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास परियोजनाले बाग्मती, गण्डकी, कर्णाली, प्रदेश १ र सुदूरपश्चिम प्रदेशमा करिब १०,००० हेक्टरमा जलवायु-उत्थानशील रूपले फलफूल तथा काष्ठफल बगैँचा विकासमार्फत् ३०,००० किसान घरपरिवारको उत्पादकत्व वृद्धि गराइरहेको छ। एडिबीले ग्लोबल एग्रिकल्चर एन्ड फुड सेक्युरिटी प्रोग्रामबाट ९ मिलियन डलर अनुदान व्यवस्थापन गरी १०,००० साना किसानलाई हिउँदमा सिञ्चित सागसब्जी र वर्षा ऋतुमा पोषणयुक्त खाद्यवस्तु उत्पादनका लागि सहायता प्रदान गर्दै आएको छ।

त्यस्तै, सन् २०२२ मै प्रतिवद्धता जनाइएको एडिबीको १२ मिलियन डलर अनुदानमा सञ्चालित महिला उत्थान तथा संरक्षणका लागि प्रणाली सुदृढीकरण परियोजनाले लैंगिक-हिंसाका घटनामा सरकारको प्रतिकार्यका लागि सहयोग गर्ने, पीडितहरूको दीर्घकालीन पुनर्स्थापना सेवाका लागि प्रहरी सेवा सुदृढीकरण, लैंगिक हिंसासम्बन्धी जनचेतना अभिवृद्धि, पीडितहरूको सेवाका लागि संस्थागत क्षमता सुधारमा सहयोग गर्नेछ। एडिबीले प्राविधिक सहायता विशेष कोषबाट १.५ मिलियन डलर अनुदान व्यवस्थापन गरी गुणस्तरीय डिजाइन र सेवाको दिगोपना सम्बन्धी प्रावधानको मापदण्डका लागि क्षमता विकास अन्तर्गत निर्माण कार्यसम्बन्धी क्रियाकलापको समयवद्धता एवं गुणस्तर सुधारको सुनिश्चितता लागि उपयोग गर्नेछ।

**गैरपूर्ण स्वामित्वका ऋण:** ३१ डिसेम्बर सन् २०२२ सम्म नेपालमा एडिबीको गैरपूर्ण स्वामित्व तथा कुल विद्यमान शेष र निकासा हुन बाँकी प्रतिवद्धता ४१.८९ मिलियन डलर रहेको छ, जसले एडिबीको निजी क्षेत्रतर्फको कुल पोर्टफोलियोमध्ये ०.३३% प्रतिनिधित्व गर्दछ।

**कार्यगत चुनौती:** नेपालको दुर्गम भूबनोट, पूर्वाधारको कमी, अपर्याप्त मानव पूँजी, र राजनीतिक तथा नीतिगत अनिश्चितताले आर्थिक वृद्धि र विकासलाई निरन्तर अवरोध गरिरहेको छ। प्राकृतिक प्रकोप, जलवायु परिवर्तन र वातावरणीय ह्रासले मुलुक विपद्को उच्च जोखिममा रहेको छ। कोभिड-१९ को प्रकोप कम भएपनि नयाँ प्रजातिले पुनरुत्थानलाई अवरुद्ध गर्ने जोखिम कायमै छ।

कमजोर शासकीय अवस्थाले नेपालमा विकास सहायताको प्रभावकारितालाई लामो समयदेखि असर पारिरहेको छ। मुलुकले संघीयताको सहज कार्यान्वयनको सुनिश्चिततामा चुनौतीको सामना गरिरहेको छ। यसमा प्रदेश तथा स्थानीय सरकारको क्षमता र आवश्यक कानुन अनुमोदन तथा कर्मचारी खटाउने सम्बन्धमा सुस्त प्रगति साथै अधिकार एवं जिम्मेवारीको अस्पष्टता र सरकारका तीन तहबीच समन्वयमा सीमित क्षमता जस्ता सवाल समावेश छन्।

न्यून पूँजीगत खर्च निरन्तर चुनौतीको रूपमा देखिदैं आएको छ। नेपालमा एडिबी सहयोगका परियोजना शुरुवातमा ढिलाइ, कमजोर ठेक्का व्यवस्थापन, कर्मचारीहरूको बारम्बार सरुवा, वातावरणीय तथा जग्गाको स्वीकृति, जटिल सामाजिक सुरक्षण मापदण्ड र निर्माण सामग्रीको उपलब्धतामा अवरोधले प्रभावित हुँदै आएका छन्।

एडिबीले सरकारलाई परियोजना, खरिद, करार प्रशासन र सामाजिक सुरक्षण कार्यान्वयन क्षमता विकास एवं सुदृढीकरणका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा रहेको क्षमता विकास स्रोत केन्द्रमार्फत् सहयोग गर्दै आएको छ। एडिबीले अरु विकास साझेदारसँगै संघीय संरचनामा तल्लो तहका सरकारहरूको समग्र सार्वजनिक वित्त व्यवस्थापन तथा सेवा प्रवाह सुधारमा नीतिगत सहयोग प्रदान गर्दै आएको छ।

## ज्ञान संग्रह/सञ्चार दस्तावेज

सन् २०२२ मा ज्ञान संग्रह/सञ्चार दस्तावेजसम्बन्धी कार्यमा एडिबीको महत्वपूर्ण योगदान एक प्रतिवेदन थियो जसमा सन् २०१५ को भूकम्पपछि

### नेपाल: ऋण, अनुदान र प्राविधिक सहायताका परियोजनामा खरिद सम्झौताको हिस्सा

| | वस्तु, कार्य तथा सम्बन्धित सेवा | |
|---|---|---|
| **इकाइ** | **रकम (मिलियन डलर)** | **कुलमा %** |
| **सन् २०२१** | १२७.१६ | ०.८४ |
| **सन् २०२२** | १०१.४२ | ०.६३ |
| **३१ डिसेम्बर सन् २०२२ सम्मको सञ्चित** | **२,८४५.८५** | **१.१५** |

| | वस्तु, कार्य तथा परामर्श सेवा | |
|---|---|---|
| **इकाइ** | **रकम (मिलियन डलर)** | **कुलमा %** |
| **सन् २०२१** | ७.९८ | १.१३ |
| **सन् २०२२** | २.६१ | ०.४९ |
| **३१ डिसेम्बर सन् २०२२ सम्मको सञ्चित** | **२११.९८** | **१.३७** |

| | कुल खरिद | |
|---|---|---|
| **इकाइ** | **रकम (मिलियन डलर)** | **कुलमा %** |
| **सन्** २०२१ | १३५.१५ | ०.८५ |
| **सन्** २०२२ | १०४.०३ | ०.६२ |
| **३१ डिसेम्बर सन् २०२२ सम्मको सञ्चित** | **३,०५७.८४** | **१.१६** |

### एडिबी ऋण तथा अनुदान परियोजना अन्तर्गत वस्तु, काम तथा सम्वद्ध सेवामा संलग्न उत्कृष्ट पाँच नेपाली ठेकेदार/आपुर्तिकर्ता, १ जनवरी सन् २०१८ देखि ३१ डिसेम्बर सन् २०२२ सम्म

| **ठेकेदार/आपूर्तिकर्ता** | **क्षेत्र** | **करार रकम (मिलियन डलर)** |
|---|---|---|
| शर्मा एन्ड कम्पनी प्रा.लि. | शिक्षा; खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | ७५.५३ |
| सोङ्ग दा- कालिका (संयुक्त साझेदारी) | ऊर्जा | ६३.६९ |
| कालिका कन्स्ट्रक्सन प्रा.लि. | कृषि, प्राकृतिक स्रोत तथा ग्रामीण विकास; खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | ३३.०१ |
| पासावान्ट-कालिका-एसएनइटी (संयुक्त साझेदारी) | कृषि, प्राकृतिक स्रोत तथा ग्रामीण विकास | २५.६६ |
| कन्काई इन्टरनेशनल विल्डर्स प्रा.लि. | कृषि, प्राकृतिक स्रोत तथा ग्रामीण विकास; खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | २०.७२ |
| **अन्य** | | **६६२.९५** |
| **कुल** | | **८८१.५७** |

### एडिबी ऋण, अनुदान तथा प्राविधिक सहायताका परियोजना अन्तर्गत परामर्श सेवामा संलग्न उत्कृष्ट पाँच नेपाली परामर्शदाता, १ जनवरी सन् २०१८ देखि ३१ डिसेम्बर सन् २०२२ सम्म

| **परामर्शदाता** | **क्षेत्र** | **करार रकम (मिलियन डलर)** |
|---|---|---|
| इन्भायरोमेन्ट एन्ड रिसोर्स म्यानेजमेन्ट कन्सल्टेन्ट प्रा.लि. | कृषि, प्राकृतिक स्रोत तथा ग्रामीण विकास; शिक्षा; यातायात | ५.३६ |
| प्लस इन्जिनियर्स एन्ड आर्किटेक्टस् लि. | खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | ३.४४ |
| बिल्डिङ डिजाइन अथोरिटी प्रा.लि. | खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | २.६५ |
| आईटेको नेपाल प्रा.लि. | कृषि, प्राकृतिक स्रोत तथा ग्रामीण विकास; खानेपानी र अन्य सहरी पूर्वाधार तथा सेवा | २.२१ |
| आइईआरसी-अर्टेक-रीड नेपाल-इकोकोडे नेपाल- स्ट्रेन्थ इन्जिनियरिङ कम्पनी प्रा.लि. (संयुक्त साझेदारी) | शिक्षा | १.२६ |
| व्यक्तिगत परामर्शदाता | | १८.४७ |
| अन्य | | ७.४५ |
| **कुल** | | **४०.८४** |

### नेपाल : प्रडक्ट अनुसारको गैरपूर्ण स्वामित्वको साधारण पूँजी स्रोत

| | **सन् २०२२** | **सन् २०१८-२२** |
|---|---|---|
| हस्ताक्षर भएका कारोबार संख्या (साधारण पूँजी स्रोत) | ० | १ |
| हस्ताक्षर भएका कारोबार संख्या (कार्यक्रम) | ८६ | १५७ |
| | **परिमाण (मिलियन डलर)** | |
| ऋण | - | ३०.०० |
| स्वपूँजी लगानी | - | - |
| प्रत्याभूति (ग्यारेन्टी) | - | - |
| कर्जा सुरक्षण | - | - |
| **व्यापार तथा आपूर्ति प्रणाली वित्त कार्यक्रम तथा लघुवित्त कार्यक्रम** | **१८.२३** | **३७.८५** |
| **कुल** | **१८.२३** | **६७.८५** |

- = शून्य

केही महत्वपूर्ण नवप्रवर्तन, जस्तैः जस्तै, स्थानीय रूपमै उपलब्ध निर्माण सामग्रीहरू, विपद्-उत्थानशील धेरै समुदाय सिर्जना गर्नुपर्ने आवश्यकता र वेबमा आधारित वास्तविक समयमा प्रगति अनुगमन प्रयोग गरिएको पुनःनिर्माणबाट प्राप्त सिकाइको कुशल ढंगले जाँच गर्ने विषय समावेश छ। एडिबीको अध्ययनले नेपालमा नियामकीय तथा नीतिगत सुधारको पुनरवलोकलन गर्नुका साथै सन् २०१५ को संविधान अनुसार देशको वित्तीय संघीयता ढाँचा (फ्रेमवर्क)लाई परिष्कृत गर्न सिफारिश प्रदान गरेको छ। सन् २०२२ मा एडिबीको ज्ञान संग्रह/सञ्चार दस्तावेज एवं प्रकाशनहरूमा समष्टिगत आर्थिक स्थितिको अद्यावधिक तथा सरकारको वार्षिक बजेट वक्तव्य र मौद्रिक नीतिको विश्लेषण पनि समावेश छन्।

## वित्तीय लगानी साझेदारी

वित्तीय लगानी साझेदारीले एडिबीका वित्तीय लगानी साझेदार सरकार अथवा तिनका निकाय, बहुपक्षीय लगानीकर्ता संस्थाहरू तथा निजी क्षेत्रका संस्थाहरू एडिबीका परियोजनामा वित्तीय लगानीका लागि सहभागी हुन सहजता प्रदान गर्दछ। ऋण अथवा अनुदानको रूपमा, प्राविधिक सहायता तथा गैरपूर्ण स्वामित्व सहवित्तमा अतिरिक्त कोष प्रदान गर्न सकिन्छ।

नेपालमा सञ्चित सहवित्त प्रतिवद्धताः

- पूर्णस्वामित्वको सहवित्तः सन् १९७५ देखि ५२ परियोजनाका लागि १.८७ विलियन डलर तथा ९६ प्राविधिक सहायताका परियोजनामा ९०.४४ मिलियन डलर
- गैरपूर्णस्वामित्वको सहवित्तः सन् १९८३ देखि ४ लगानी परियोजनाका लागि २४५.९९ मिलियन डलर

सन् २०२२ मा नेपालले ग्लोबल एग्रिकल्चर एन्ड फुड सेक्युरिटी प्रोग्रामबाट नेपालका पहाडी क्षेत्रमा काष्ठफल तथा फलफूल परियोजनाका लागि ९ मिललियन अमेरिकी डलरको सहवित्तीयकरण प्राप्त गरेको थियो र नर्वे, फिनल्यान्ड तथा युनिसेफ (संयुक्त राष्ट्रसंघीय बालकोष)बाट कुल १५.२१ मिलियन अमेरिकी डलर अनुदान विद्यालय शिक्षा क्षेत्र योजनामा सहयोगका लागि सहवित्तीयकरण प्राप्त गरेको छ।

१ जनवरी सन् २०१८ देखि ३१ डिसेम्बर सन् २०२२ सम्म सहवित्तीयकरणमा आधारित परियोजनाको सारांश www.adb.org/countries/nepal/ cofinancing मा उपलब्ध छ।

## भावी दिशा

एडिबीको राष्ट्रिय साझेदारी रणनीति सन् २०२०-२४ तीन प्राथमिकताका क्षेत्रमा केन्द्रित थियोः निजी क्षेत्रले नेतृत्व गर्ने आर्थिक वृद्धिका लागि पूर्वाधार सुधार, प्रत्यायोजित सेवाहरूको स्तरोन्नति, वातावरणीय दिगोपन र उत्थानशीलताको सुनिश्चितता। एडिबीले व्यवसायका लागत न्यूनीकरण गर्न, निजी लगानी आकर्षित गर्न, सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरण, बस्न योग्य सहर एवं सहरी नगरपालिका विकास, गुणस्तरीय शिक्षा तथा सीप तालिम र ग्रामीण आय वृद्धिका लागि कृषि उत्पादकत्व वृद्धि गर्नका लागि काम गर्नेछ। एडिबीले लैंगिक समानता, सामाजिक समावेशीता तथा विपद् उत्थानशीलतालाई निरन्तर प्राथमिकता दिनेछ। एडिबीले नेपालसँग निरन्तर काम गरी क्षेत्रगत योजनाका लागि उचित संस्थागत क्षमता विकास, परियोजनाको तयारी तथा प्रभावकारी कार्यान्वयन विस्तार र दिगो सम्पत्ति व्यवस्थापन सुनिश्चितता गर्नेछ। भविष्यका कार्यक्रमहरूमा एकीकृत र नवप्रवर्तनमा आधारित पहलहरू समावेश गरिनुका साथै जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणमा ज्यादा केन्द्रित हुनेछन्।

### नेपालः पूर्ण स्वामित्वका कर्जा र अनुदानका लागि कार्यक्रम कार्यसम्पादन गुणस्तर परिसूचकहरू, सन् २०२१-२२

| | | |
|---|---|---|
| चालु ऋणको संख्या [क] (३१ डिसेम्बर सन् २०२२ सम्म) | | ३२ |
| | **सन् २०२१** (मिलियन अमेरिकी डलर) | **सन् २०२२** (मिलियन डलर) |
| ठेक्का सम्झौता [ख ग] | ३९७.०० | २५३.६३ |
| निकासा [ख] | २५९.५८ | २४१.४० |
| चालु अनुदानको संख्या [क, घ] (डिसेम्बर ३१, २०२२ सम्म) | | ७ |
| | **सन् २०२१** (मिलियन अमेरिकी डलर) | **सन् २०२२** (मिलियन डलर) |
| ठेक्का सम्झौता [ख,ग,घ] | ११.६८ | ५.१६ |
| निकासा [ख,घ] | १०.०१ | ८.७५ |
| जोखिममा रहेका परियोजनाहरू (%) [ङ] (३१ डिसेम्बर सन् २०२२) | | ४ |

नोटः राउन्डिङका कारण कुल जोड्न सकिएको छैन।

क) प्रतिबद्धतामा आधारित।

ख) समापन भैसकेको भएपनि वर्षभरमा सम्झौता वा निकासा भएका ऋण र अनुदान समावेश गरिएको।

ग) नीतिमा आधारित, परिणाममा आधारित, वित्तीय मध्यस्थता/कर्जा, कोभिड-१९ महामारी प्रतिकार्य विकल्प (सीपीआरओ), र सहवित्तमा आधारित पूर्ण रूपमा व्यवस्थापन गरिएका ऋण तथा अनुदान।

घ) एसियाली विकार कोष तथा अन्य एडिबी विशेष कोषहरू।

ङ) सन् २०२२ डिसेम्बर ३१ सम्म सक्रिय परियोजनाहरू समावेश भएको।

### नेपालः पूर्ण स्वामित्व तथा गैरपूर्ण स्वामित्वका कर्जाहरूको स्वतन्त्र मूल्यांकन रेटिङ, सन् २०१३-२२

| | **प्रमाणीकरण र मूल्यांकन गरिएका कूल परियोजना र कार्यक्रम संख्या** | **मूल्यांकन रेटिङ** | | |
|---|---|---|---|---|
| | | **अत्यधिक रुपमा सफल र सफल** | **सफलताभन्दा कम** | **असफल** |
| पूर्ण स्वामित्वका | ३२ | २५ | ६ | १ |
| गैरपूर्ण स्वामित्वका | - | - | - | - |

- = शून्य

नोटः उल्लेखित अंकले स्वतन्त्र मूल्यांकन विभागद्वारा प्रमाणीकरण र मूल्यांकन भएका पूर्ण स्वामित्वका कर्जाको संख्या तथा तिनीहरूको समग्र कार्यसम्पादनलाई जनाउँछ। एडिबीद्वारा उपलब्ध गराइएको परियोजना समापन प्रतिवेदनका आधारमा सन् सन् २०१२ जुलाइ १ देखि सन् २०२२ जुन ३० सम्म १० वर्षको अवधिका परियोजना समावेश गरी प्रमाणीकरण र मूल्यांकन गरिएको छ। नेपालसँग सम्बन्धित मूल्यांकन हेर्नुहोस्।

स्रोतः स्वतन्त्र मूल्यांकन विभाग तथ्यांक

### नेपालः सहवित्तीय परियोजना, १ जनवरी सन् २०१८ देखि ३१ डिसेम्बर २०२२ सम्म

| **सहवित्तीयकरण** | **परियोजना संख्या** | **रकम (मिलियन अमेरिकी डलरमा)** |
|---|---|---|
| पूर्ण स्वामित्वको | १३ | १२०.९२ |
| अनुदान | ७ | १०८.२६ |
| प्राविधिक सहायता | ६ | १२.६६ |
| गैरपूर्ण स्वामित्वको | २ | १८८.६१ |

## एडिबी: एक झलक

एडिबी आफ्ना प्रयासलाई चरम गरिबी अन्त्य गर्न केन्द्रित गर्दै समृद्ध, समावेशी, उत्थानशील र दिगो एसिया तथा प्रशान्त क्षेत्र निर्माणका लागि प्रतिवद्ध छ। यसका ६८ सदस्य राष्ट्रहरु छन्, जसमध्ये ४९ एसिया तथा प्रशान्त क्षेत्रका र १९ यसबाहिरका राष्ट्रहरु हुन्। फिलिपिन्सको मनिलामा मुख्यालय रहेको एडिबीको ३१ डिसेम्बर सन् २०२२ सम्म विश्वभर ४३ कार्यालयहरुमा ६६ सदस्य राष्ट्रहरूबाट ३,७७५ कर्मचारी रहेका छन्।

एडिबीले सदस्य राष्ट्रहरूमा वित्तीय लगानी तथा नीति संवाद, परामर्श सेवाबाट उपयुक्त विज्ञ सहायता प्रदान गरिरहेको छ। यसले आधिकारिक, व्यावसायिक तथा एक्स्पोर्ट क्रेडिट स्रोतहरू समेतबाट सहवित्तीयकरण गरी वित्तीय स्रोत परिचालन गर्दछ।

एडिबीले सन् २०२२ मा सहायताका लागि प्राप्त भएका मागहरू पूरा गरेको छ। यसले निजी क्षेत्र र आफ्ना साझेदारहरूमार्फत् ठूलो स्रोत प्रदान गरेको छ। एडिबीले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन पहलहरू, शैक्षिक गुणस्तर तथा पहुँच, सुलभ स्वास्थ्य सेवा तथा थप दिगो तथा जलवायु उत्थानशील खाद्य प्रणालीका लागि वित्तीयकरण सुविधा प्रदान गर्दै आएको छ। सन् २०२२ मा एडिबीको ९७ प्रतिशत कार्यहरूले लैंगिक समानतामा योगदान गरेका छन्। एडिबीले स्वास्थ्य चुनौतीहरू र कर सहायता जस्ता विषयहरूमा वृहत्तर क्षेत्रीय सहकार्यलाई बढावा दिएको छ। एडिबीले आफ्ना सदस्यहरूको ज्ञान संग्रहको मागलाई पनि सम्बोधान गरेको छ।

**एडिबी कार्य:** सन् २०२२ मा एडिबीले यसका ऋणग्राही सदस्य राष्ट्रहरूमा सार्वजनिक र निजी क्षेत्रमा ऋण, अनुदान, स्वपूँजी लगानी, जमानत/प्रत्याभूति, निजी क्षेत्र कार्यक्रम र प्राविधिक सहायता गरी २०.५ विलियन डलर प्रतिवद्धता जनाएको छ। एडिबीले आफ्नो कुल सहायतालाई ११.४ विलियन सहवित्तीयकरणमार्फत् सुदृढीकरण गरेको थियो।

३१ डिसेम्बर सन् २०२२ सम्म ४५ देशमा एडिबीको सञ्चित प्रतिवद्धता ४,१८९ ऋणका लागि ३५८.४ विलियन डलर, ५६६ ओटा अनुदानमा १२.६ विलियन डलर र क्षेत्रीय प्राविधिक सहायता अनुदान समेत प्राविधिक सहायता अनुदानमा ५.५ विलियन डलर पुगेको छ।

ऋण, अनुदान र प्राविधिक सहायताका अतिरिक्त, एडिबीले विकासशील सदस्य राष्ट्रहरूलाई सहयोग गर्न जमानत (ग्यारेन्टी), स्वपूँजी लगानी र निजी क्षेत्र कार्यक्रमको प्रयोग गर्दै आएको छ।

सन् २०२२ मा गैरपूर्णस्वामित्वको कर्जा, स्वपूँजी लगानी तथा एडिबीको आफ्नै कोषबाट जमानत (ग्यारेन्टी) समेत गरी आर्थिक सामाजिक पूर्वाधार, वित्तीय क्षेत्र र कृषिव्यवसाय गरी ३७ कारोबारमा कुल प्रतिवद्धता १.१ विलियन डलर रहेको छ।

सन् २०२२ मा एडिबीले दीर्घकालीन परियोजना सहवित्तीयकरणमा १.७ विलियन अमेरिकी डलर र व्यापार तथा आपूर्ति प्रणाली वित्तीयकरण कार्यक्रम तथा लघुवित्त कार्यक्रममा ५.३ विलियन अमेरिकी डलर सहवित्त परिचालन गरेको छ। ३१ डिसेम्बर सन् २०२२ सम्म कुल बक्यौता स्थिति र एडिबीको आफ्नै स्रोतबाट प्रायोजित गैरपूर्ण स्वामित्व ठेक्काको निकासा हुन बाँकी प्रतिवद्धता १२.८ विलियन अमेरिकी डलर रहेको छ।

## वित्तीय साझेदारी

सन् २०२२ मा पूर्ण स्वामित्वको र गैरपूर्ण स्वामित्वको कुल सहवित्तीय प्रतिवद्धता

- १६५ परियोजनाका लागि ११.३९ विलियन डलर, जसमध्ये
  - » ७५ लगानी परियोजना, ११.२ विलियन डलर
  - » ८७ प्राविधिक सहायता परियोजना, १२६.४९ मिलियन डलर
  - » ३ परियोजनाको कार्यादेश रहेको ६० मिलियन डलरको ट्रान्ज्याक्सन एड्भाइजरी सेवा

सन् १९७० देखि सन् २०२२ सम्म कुल सञ्चित पूर्णस्वामित्व र गैरपूर्ण स्वामित्वको प्रतिवद्धता

- ३,२९२ परियोजनामा १५१.८७ विलियन डलर, जसमध्ये
  - » १,१६३ लगानी परियोजना, १४७.८१ विलियन डलर
  - » २,१२० प्राविधिक सहायता परियोजना, २.९२ विलियन डलर
  - » ९ परियोजनाको कार्यादेश रहेको १.१३ विलियन डलरको ट्रान्ज्याक्सन एड्भाइजरी सेवा

## खरिद

### एडिबी खरिद सम्झौता, सन् २०२२

**वस्तु, कार्य र सम्बन्धित सेवा**

ऋण र अनुदान परिचालनमार्फत् वस्तु, काम र सम्बन्धित अन्य सेवा खरिदका लागि एसिया तथा प्रशान्त क्षेत्रमा एडिबीको खरिद सम्झौताहरू

- सन् २०२१ मा १५.२३ विलियन डलर
- सन् २०२२ मा १६.१९ विलियन डलर
- सन् १९९६ देखि यताका सम्पूर्ण खरिदले २४७.०६ विलियन डलरको २२८,१४९ सम्झौतालाई समेट्छ।

**परामर्श सेवा**

ऋण, अनुदान र प्राविधिक सहायता अन्तर्गत एसिया तथा प्रशान्त क्षेत्रमा परामर्श सेवाका लागि एडिबीको खरिद सम्झौताहरू:

- सन् २०२१ मा ७०६.६५ मिलियन डलर
- सन् २०२२ मा ५३५.६१ मिलियन डलर
- सन् १९९६ देखि यता ७४,९९५ ठेक्कालाई समेट्दै कुल १५.४५ विलियन अमेरिकी डलरको खरिद भएको छ।

## नेपाल र एडिबीको बारेमा थप जानकारी

**सेयर स्वामित्व तथा मताधिकार**

| | |
|---|---|
| धारण गरेको सेयर संख्या: | १५,६०६ (कुल सेयरको ०.१४७%) |
| मत: | ५४,७२० (कुल सदस्यताको ०.४११%, कुल क्षेत्रीय सदस्यताको ०.६३२%) |
| *समग्र पुँजी योगदान: | २०७.६९ मिलियन डलर |
| *चुक्ता पुँजी योगदान: | १०.३९ मिलियन डलर |

*(अमेरिकी डलरको ३१ डिसेम्बर सन् २०२२ को मुल्य अनुसार)

**एडिबी गभर्नर:** डा. प्रकाशशरण महत
**एडिबी वैकल्पिक गभर्नर:** अर्जुन प्रसाद पोखरेल
**एडिबी निर्देशक:** वान फारिसन बिन वान सुलैमन (मलेसिया)
**एडिबी वैकल्पिक निर्देशक:** नुरुसाअध मुहारम (ब्रुनेइ)
**एडिबी निर्देशकको सल्लाहकार:** अजमिन बिन इशक (मलेसिया) र भीमकान्त न्यौपाने (नेपाल)

## सम्पर्क

**नेपाल आवासीय नियोग**
**स्थापना:** सन् १९८९
**राष्ट्रिय निर्देशक:** आर्नो कोश्वा

**नेपाल आवासीय नियोग**
एसियाली विकास बैंक
मेट्रो पार्क बिल्डिङ, लाजिम्पाट
वडा नं. २, पो.व.नं. ५०१७, काठमाडौं, नेपाल
टेलिफोन: +९७७ १ ४२९०१००
फ्याक्स: +९७७ १ ४००५१३७
adbnrm@adb.org
www.adb.org/Nepal
www.facebook.com/adbnrm

**एडिबी प्रधान कार्यालय**
६ एडिबी एभेन्यु, मान्डालुयोङ शहर
१५५० मेट्रो मनिला, फिलिपिन्स
टेलिफोन: +६३ २ ६३२ ४४४४
फ्याक्स: +६३ २ ६३६ २४४४
www.adb.org

**अर्थ मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
टेलिफोन: +९७७ १ ४२११६१
फ्याक्स: +९७७ १ ४२११६४
www.mof.gov.np

**एडिबीका वेबसाइटहरू**
एसियाली विकास बैंक
**www.adb.org**

वार्षिक प्रतिवेदन
**www.adb.org/documents/series/adb-annual-reports**

एसियाली विकास परिदृश्य
**www.adb.org/publications/series/asian-development-outlook**

एडिबी डेटा लाइब्रेरी
**data.adb.org**

नोट: १) अन्यथा बताइए बाहेक तथ्यांकहरू एडिबीद्वारा अनुमानित हुन्। ४ ले अमेरिकी डलरलाई बुझाउँछ। २) अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक ३१ डिसेम्बर सन् २०२२ सम्मको तथ्यांकहरू अद्यावधिक गरिएको हो। ३) अग्रपृष्ठ तस्विर: पश्चिम नेपालको कास्कीमा कोभिड-१९ खोप पुऱ्याइदैं (नरेन्द्र श्रेष्ठद्वारा एडिबीका लागि)